# पौवादुङमा गाउँपालिका

## गाउँपालिकाको कार्यालय,

च्याङ्ग्रे, भोजपुर

१ नं. प्रदेश नेपाल

प.सं. :- २०७४/७५
च. नं. :- ५२१

मिति: २०७५।१।१९

**रसायनिक मलखरिद, वितरण तथा ढुवानि संवन्धि दरभाउ माग गरिएको १५ दिने सुचना**

(प्रथम पटक प्रकासित मितिः २०७५//१/१९)

१. आर्थिक वर्ष २०७४/७५ को स्विकृत कार्यक्रम वाट यस पौवादुङगमा गाउँपालिकाका लागि सवै वडाहरुमा २०० मे.टन(थपघट हुन सक्ने )रसायनिक मल कृषि सामाग्री कंपनि लिमिटेड वा साल्ट ट्रेडिङ्ग कम्पनि लिमिटेड वाट प्रमाणित गुणस्तरको मल आधिकारीक विक्रेतावाट खरीद गरी पोवा दुङगमा गाउँपालिकासम्म ढुवानी गर्नु परेको हुनाले ईच्छुक स्थानीय व्यवसायीक संघ, संस्था, सहकारी, सप्लयार्स, कंपनि तथाफर्महरुवाटदरभाउ पत्र पेश गर्न यो सुचना प्रकासित गरिएकोछ।

२.व्यावसायिक सप्लायर्स तथा संघ संस्थाहरु आन्तरिक मु.अ.करमा दर्ता भएको, गत आ.व. २०७३/७४ को कर चुक्ता गरेको प्रमाणपत्र, संस्था वा फर्मदर्ता प्रमाण - पत्र नविकरण गरेको, लेखापरीक्षण प्रतिवेदनको प्रमाण-पत्रको प्रतिलिपिका साथ गाउँपालिकाको कार्यालयको हि.नं. २०४०३०४०१८१०६ मा रु १०००।रु एक हजार मात्र (फिर्ता नहुने गरी) को वैक भौचरवा नगदी रसिद काटेर रु १० को टिकट टास गरेर निवेदन पेश गरी दरभाउ - पत्र खरिद गर्नु पर्नेछ ।

३. संपुर्ण रसायनिक मल२०७५साल अषाढ१५ गतेभित्र खरिद, ढुवानी तथावितरणगरि सक्नु पर्नेछ, यस कार्यका लागि जम्मा वजेट सिमा रकम रु आठ लाख मात्र रहेको छ । रसायनिक मल धनकुटा वाट ढुवानी गरेर कृषकहरुलाई विक्रिवितरण गरेपछि मात्र विलरकम भुक्तानि गरिनेछ, विल रकमवाट नियमानुसार लाग्ने कर, दस्तुर तथा अन्य शुल्क कटाई भुक्तानि गरिनेछ।

४. दरभाउपत्रका साथ आफुले कवोल गरेको रकमको २.५प्रतिशत को.ले.नि. कार्यलय भोजपुरको धरौटी हि.नं. २०४०२०३०००००० मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ। वा यस कार्यालयको नाममा कम्तिमा ९० दिन म्याद राखि जारी गरिएको वैक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

५. यो सुचना प्रकासित भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न र यसै कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

६. दर्ता भएको प्रस्ताव १६ औ दिनको १ वजे कार्यालयमा खोलिनेछ । प्रस्तावखोल्न दरभाउ पत्र पेश गर्ने संघ संस्थाका प्रतिनिधी लाईअतिरिक्त सुचना वा निमन्त्रणा गरिनेछैन, प्रो. वा प्रतिनिधी उपस्थित नभएपनि दरभाउ पत्र खोल्न र मुल्यांकन गर्न वाधा पर्ने छैन ।दरभाउ पत्र खरीद गर्ने, दाखिला गर्ने दिन सरकारी विदा भएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन हुनेछ ।

७. रित नपुगेको वा कुनै शर्त राखेको वा म्याद नाघि आएको वा कार्यालयवाट प्रमाणित नभएको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन साथै यस दरभाउपत्रको मान्यअवधि वोलपत्र दाखिला गर्ने अन्तिम दिनवाट ४५ दिनसम्म रहनेछ।

८. यस सुचनामा नपरेका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ, सो ऐन तथा नियमावलिमा समावेश नभएको विषयवस्तु भएमा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

९.यस सुचना अनुसार पेश भएको प्रस्तावको स्विकृत गर्ने वा नगर्ने, वा आशिक वा पुर्ण स्विकृत गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकाको कार्यालयमा सिमित हुनेछ ।

थप जानकारीका लागि
संपर्कःप्रमुख प्रशासकिय अधिकृत फोन नंवर ९८१२३२८५२०
शाखा अधिकृतः ९७४२१२५८२६S
योजना शाखाः ९८०५३३८९२४
website : www.pauwadungmamun.gov.npमा हेर्न सकिनेछ ।

..................
शालिकराम भट्टराई
प्रमुख प्रशासकिय अधिकृत